Mobile No.:9858391338/९८५८३९१३३८

"गुणस्तरीय शिक्षा आज ,सक्षम नागरिक भोलि"

'QUALITY EDUCATION TODAY ,CAPABLE CITIZENS TOMORROW' Email ID :mahabauddhaschool2037@gmail.com

# श्री महाबौद्ध माध्यमिक विद्यालय

## SHREE MAHABAUDDHA SECONDARY SCHOOL

नाम्खा गा. पा. ४ याल्वाङ, हुम्ला/NAMKHA R.M.-4 YALWANG, HUMLA

विद्यालय कोड/School Code:६६०१८०००५/660180005

प. स./Ref. No:२०८३/०८४ च. न./Disp. No: 92 मिति/Date:२०८३/०५/०९

श्री सम्वन्धित सबै ।

विषय : स्थायी शिक्षक सरुवाका लागि दरखास्त आह्वान सम्बन्धमा ।

प्रस्तुत विषयमा नाम्खा गाउँ पालिका शिक्षा युवा तथा खेलकुद शाखा हुम्लाको प. सं. २०८३/२०८४ च. नं. 63 र मिति२०८३/०५/०९ को शिक्षक सरुवा सम्वन्धि प्राप्त अनुमति पत्र र यस विद्यालयको मिति २०८३/०५/०८गते बसेको विद्यालय व्यवस्थापन समितिको बैठकको निर्णयानुसार यस विद्यालयमा प्राथमिक तह तृतीय श्रेणीको शिक्षक पद रिक्त रहेको हुँदा शिक्षा नियमावली २०५९ ( दशौं संशोधन २०८३)को सरुवा सम्वन्धी व्यवस्था बमोजिम उक्त पदमा स्थायी शिक्षक सरुवा गर्नुपर्ने भएकोले सम्बन्धित योग्यता पुगेका इच्छुक स्थायी शिक्षकहरूबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्रं) दिन(२०८३/०५/२३ विद्यालय समय )भित्र दरखास्त पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

पेस गर्नुपर्ने कागजातहरू :

१. सरुवाका लागि निवेदन ।

२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

३. आफ्नो सेवा अवधि खुलेको कागजात ।

४. स्थायी नियुक्तिपत्रको प्रमाणित प्रतिलिपि ।

५. शैक्षिक योग्यता तथा तालिमका प्रमाणपत्रहरूको प्रमाणित प्रतिलिपि ।

६. सम्बन्धित विद्यालयको सहमति पत्र ।

७. सम्बन्धित स्थानीय तहको सहमतिपत्र तथा जिल्लान्तर सरुवाका लागि सम्बन्धित शिक्षा विकास तथा समन्वय एकाइको सहमतिपत्र ।

८. शिक्षा नियमावली दशौं संशोधन, २०८३ बमोजिम प्राथमिकता दाबी गर्ने प्रमाण/कागजातहरू (आवश्यक भएमा) ।

९. शिक्षा नियमावली २०५९ को अनुसूची १७ बमोजिम फारम ।

१०. शिक्षा नियमावली, प्रचलित कानुन तथा सम्बन्धित निर्देशिकाले तोकेका अन्य आवश्यक कागजातहरू ।

उक्त अवधिभित्र प्राप्त निवेदनहरू प्रचलित शिक्षा नियमावली दशौं संशोधन, २०८३ तथा सम्बन्धित कानुनी व्यवस्थाबमोजिम आवश्यक मूल्याङ्कन गरी प्रक्रिया अगाडि बढाइने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ । तोकिएको म्यादभित्र निवेदन पेस नगर्ने तथा आवश्यक कागजात नपुगेका निवेदनउपर कुनै कारबाही गरिने छैन ।

.....................

श्रीधर कार्की

प्रधानाध्यापक

बोधार्थ :

१. श्री शिक्षा विकास तथा समन्वय एकाइ, हुम्ला ।

२. श्री नाम्खा गाउँपालिका, शिक्षा, युवा तथा खेलकुद शाखा, हुम्ला ।

Email ID : mahabauddhaschool2037@gmail.com

सम्पर्क नं ९८४१९००५३६ ९८४८३१८३१५